# राजनैतिक, सांगठानिक तथा बिधान संशोधन प्रस्ताव उपर छलफलका लागि बनेको गैर भौगोलिक छलफल समूह ८ को छलफलबाट प्राप्त सुझाबहरु

**ऐतिहासिक दोश्रो बिधान महाधिबेशनको आदरणीय अध्यक्ष कमरेड ,**
**पार्टीका विभिन्न पद र भूमिकामा रहनुभएको पार्टी नेताहरु ,**
**महाधिबेशनमा सहभागी सम्पूर्ण प्रतिनिधि कमरेडहरु**

राजनैतिक, सांगठानिक तथा बिधान संशोधन प्रस्ताव उपर छलफलका लागि बनेको गैर भौगोलिक छलफल समूहमा उपत्यका बिशेष प्रदेश कमिटि  जनसंगठनहरु र प्रबास बिशेष प्रदेश कमिटि रहेका थिए , सम्पर्क समन्वय कमिटि ,। यस क्षेत्रका १९७ जना प्रतिनिधि कमरेडहरुको उपस्थिती थियो। यस समूहमा सहजकताको लागि यस गैरभौगोलिक क्षेत्रका इन्चार्जका रुपमा रहनुभएका स्थायी कमिटी, पोलिट व्यूरो र केकसका सदस्य कमरेडहरुको सक्रियतापूर्वक सहजीकरण गरिदिनुभएको थियो।

समूहको मुख्य संयोजन स्थाई कमिटी सदस्य कमरेड लालबाबु पण्डितले गर्नुभएको थियो। समूहले यस क्षेत्रका प्रत्येक पार्टी क्षेत्रको तर्फबाट प्रेमकुमार पराजुली, श्याम बस्नेत, पासाङ शेर्पा, गजेन्द्र थपलीय, रहनुभएको स्टेरिङ कमिटी बनेको थियो र छलफलमा प्रस्तुत सुझावहरुलाई दस्तावेजीकरण गर्न कल्पना थापा, बिदुर कार्की, थानेश्वर बश्याल, पदम खतिवडा, विजय लोप्चन, प्रकास भुजेल, भक्त गुरुङ हङकङ, टिका पौडेल, सरिता भुषाल, जनक चौधरी विदुर सुवेदी भएको बहस नोट कमिटी बनेको थियो। छलफलमा ७१ जना कमरेडहरुले आआफना सुझावहरु प्रस्तुत, बाकी लिखितमा दिनुभएको थियो।

## राजनीतिक प्रस्तावमा सुझाव

१. राजनीतिक प्रतिवेदन उतकृष्ट , दुरदर्शी र पठनिय छ।

२. निर्णायक राष्ट्रीय शक्ति बन्नको लागि एकताबद्द पार्टी हुनुपर्छ। जनसरोकार को मुद्दा उठाउनु पर्छ। नेपालि बिशेसताको समाजबाद र परिपूर्ण लोकतन्त्र जस्ता महत्वपुर्ण बिषय प्रबेश भएको छ। त्यसको आर्थिक पक्ष , सामाजिक पक्षको उत्पादन सक्ति बिकास र बिस्तार थप व्याख्या गर्नु आवस्यक छ।

३. पार्टीको  वर्गिय पक्षधरताको मर्मलाई ध्यान दिदै, पार्टी श्रमजिवि वर्गको पार्टी भएको प्रत्याभुती गर्ने अवस्था वन्नु पर्नेछ। यसका लागि राज्य र पार्टीको सवै तहमा १० प्रतिशत श्रमिकको प्रतिनिधित्वको सुनिच्चिता हुनु पर्नेछ। श्रमिक वर्ग संगठित हुने, सामुहिक सौदावाजी गर्ने र योगदानमा आधारित सामाजिक सुरक्षामा जोडिने काममा पार्टी सम्वन्धित रोजगारदाताहरुले अनिवार्य पालना गर्न लगाउन निर्देशन गर्नु पर्दछ।

४. राजकिय नियुक्ती र संसदिय लाभका पदहरुमा अवसर वा जिम्वेवार दिदा जबजको मर्म र भावना अनुकुल चल्ने, योग्यता र क्षमताको कदर गर्ने, विषयलाई ध्यान दिनु पर्दछ।

५. सामाजिक सुरक्षा र सामाजिक संरक्षणको विषयलाई प्राथमिकतमा राखी राजनीतिक दिशावोध गरिनु पर्दछ।

६. पार्टीलाई संगठित र सुदृढ बनाउन नेतृत्वमा उमेर हद र पदाधिकारी कार्यकाल तोकिनु हुँदैन। पुरानो पुस्ता र नयाँ पुस्तालाई संयोजन गरेर अगाडि वढ्नु पर्दछ।

७.प्रस्तावनामा योगदानमा अधिरित सामाजिक सुरक्षा कोषको पूर्ण कार्यान्वयन, पार्टी निर्णायक राष्ट्रिय शक्ति बन्न एकताबद्द हुनुपर्छ।

८केन्द्र, प्रदेश र स्थानीय तहका श्रम बिबाद निरुपणको लागि श्रम डेक्स निर्माण गर्दै मजदुर बर्गलाई सम्मान गर्ने वातावरण हुनुपर्छ। अनौपचारिक क्षेत्रको श्रमलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्ने व्यवस्थाका साथ स्वदेशमा नै रोजगारीको प्रत्याभूति गर्ने श्रमिकको हक, अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने आइएलो महासन्धी को अनुसरण गर्ने।

९पार्टीमा जनसरोकारका मुद्दामा केन्द्रित भुईमान्छेहरुको उचित मुल्यांकन गरि निर्णय गर्ने तहमा कार्यकर्ता निर्णायक हुने व्यवस्था हुनुपर्छ।

१० प्रगतिशील कर प्राणाली , लागानी योजनाको खाका सहित हरेक कार्यकर्तालाई उत्पादन सँग जोड्ने उत्पादक शक्तिको विकास र बिस्तारका साथ नेपाली विशेषताको समाजबाद, त्यसको चरित्र र आर्थिक पक्ष खुलाउनु पर्छ।

११ जबजलाई मात्रात्मक र गुणात्मक विकासको आधार बनाउदै तथा आलोचना आत्मालोचनाको बिषय सहित यसका जबजको १४ बिशेषताको पूर्ण कार्यान्वयनमा जोड दिनु पर्दछ।

१२ पूर्व प्राथमिक शिक्षा, आधारभूत तहको शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा तथा प्राविधिक शिक्षा सम्बन्धी तत्काल गर्नु पर्ने, मध्यकालिन तथा दीर्घकालिन व्यवस्थाका सम्बन्धमा यस अघि शिक्षा तथा मानवस्रोत विभाग, उपत्यका विशेष प्रदेश कमिटी र नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनले पार्टी केन्द्रमा बुझाएको प्रतिवेदनलाइ कार्यान्वयन गर्ने।

१३ निजामति क्षेत्रसहित सबैतहका सार्वजनिक पदका नियुक्तिमा निश्चित कुलिङ अफ पिरियडका आधारमा हरेक पदको नियुक्तिमा उपयुक्त ठाउँ, उपयुक्त व्यक्तिको अवधारणाका आधारमा समग्र नियक्ति प्रकृया प्रतिस्पर्धी, पारदर्शी र विज्ञ केन्द्रित बनाइनु पर्दछ।

१४ लगभग एक तिहाई जनसङ्ख्या विदेशमा रहेको तथ्यलाई आत्मसात् गर्दै प्रवासमा हाँसल भएको ज्ञान, सीप र क्षमताको कदर हुने व्यवस्था गरिन पर्दछ। विदेशमा रहेर फर्काइको कुराईमा रहेका वा आपतविपदमा परेका महिला सहित सबै नेपालीहरुलाई स्वदेशमा नै राजगारीको सुनिश्चितता सहित फर्काउने वातावरण निर्माण गरिनु पर्दछ।

१५ विदेशमा दुख गरी जीवनयापन गर्ने श्रमिकले कमाएको स्वदेशमा नोट चल्ने तर भोट नचल्ने अवस्थाको अन्त्य गर्दे निर्रबाचन प्रणालीमा सुधार गरौ।

१६ अपाङ्गता, मासिक स्वास्थ्य जस्ता स्वास्थ्यसँग सम्बन्धित मुद्दाहरु जोकोहीलाई हुन सक्ने भएकाले अपाङ्गता भएका व्यक्तिका लागि पुर्ण निशुल्क स्वास्थ्यसेवाको प्रत्याभूति गरिनु पर्दछ।

१७ राजनीतिक प्रस्तावमा गरिएको वर्ग विश्लेषण राम्रो शुरुवात मानिएको छ। तर पनि उच्च वर्गका लागि तयार गरिएका मापकहरुको थप अध्ययन आवश्यक देखिएको छ।

१८ विदेशमा सरकारले नियुक्ति दिने राजदुत सहित कुटनीतिक नियुक्तिमा योग्यता, क्षमता र निश्पक्षताको व्यवहार सुनिश्चित गरिनु पर्दछ।

१९ महिला आन्दोलनको उपलब्धिलाई रक्षा गर्दै पार्टीका हरेक तहमा ४० प्रतिशत महिलाको उपस्थिति सुनिश्चित गरिनु पर्दछ।

२०  शिक्षा र स्वास्थ्यमा राज्यको लगानी बढाउने व्ययस्था गरि यी सेवा लिदा व्यक्तिको लागानी घट्नेगरी वजेटको व्यवस्था गरिनु पर्दछ ।

२१  संघीयता, सासकीय स्वरूप र जलवायु परिवर्तनको व्याख्या सहित दीर्घकालिग योजना बन्न अनिबार्य छ ।

२२  खाध्य सम्प्रभुताको कुरा प्रतिबेदनमा समेट्नु पर्छ ।

२३  मुलुकमा संघीय देखि स्थानीय समुदायसम्म हजारौं को संख्यामा संघ संस्थाहरू, सामुदायिक संस्थाहरू, प्रतिष्ठानहरू रहेका र यीनीहरूबाट सामाजिक रूपान्तरणका लागि भए गरेका योगदानको उल्लेख गरिनु पर्दछ र स्वतस्फूर्त रूपमा संगठित हुने यस्ता समूहहरूले पार्टीकाम जनस्तर सम्म सामाजिक सेवा मार्फत पुर्याउन सक्ने विषय उल्लेख गरिनु पर्दछ

२४  राष्ट्रपति र उपराष्ट्रिपति जस्ता पदहरु देशकै संम्मानित पदहरु हुन् । त्यसलाई त्यहि सम्मानित रुपमा नै पार्टीले सम्मान दिईनुपर्ने, यस सम्बन्धमा पार्टी केन्द्रिय कमिटीको बैठकले एउटा निर्णय लिईसकेको हुनाले यसमा धेरै छलफल गरिरहनु आबश्यक रहेको छैन भन्ने आम सुझाव रहेको छ । यस सम्बन्धमा हाल देशको संविधान तथा कानूनहरुमा यस्तो कुनै व्यवस्था रहेको नदेशिएकोले यसलाई संवैधानिक व्यवस्था नै गराई स्पष्ट बनाएर जानुपर्ने सुझाव छ ।

**साङ्गठनिक प्रस्तावमा सुझाव**

१. मजदुरलाई १० प्रतिशत आरक्षण र आदिबासी , अल्पसंख्यकहरुलाई समानुपातिक प्रतिनिधित्व अनिवार्य गर्नुपर्छ।

२. निर्वाचनमा हार्नेहरुले तुरुन्तै माथिल्लो कमिटीमा मनोनयन रोक्ने व्यवस्था गर्नुपर्छ ।

३. सार्वजनिक अडिट मार्फत दलका सबै तहका नेताका गतिविधिलाई अद्यावधिक गर्नुपर्छ।

४. दुई कार्यकालको हद र ७० वर्ष उमेरको हद को पार्टी निर्णय उपयुक्त छ ।

५. पार्टी सदस्यता विस्तार गर्न पार्टीका केन्द्रीय नेता आफ्नो निर्वाचन क्षेत्रमा आफैं जाने व्यवस्था गरिनु पर्दछ ।

६. कामको आधारमा रिपोर्टिङ र मूल्याङ्कन नियमित गर्नुपर्छ ।

७. पार्टी सदस्यता नलिएका तथा पार्टीको सदस्यता लिन नचाहाने तर पार्टीप्रतिको आस्थामा अडिग रहने विज्ञ, प्राविधिक, कलाकार, व्यवसायी वा समर्थकलाई पार्टी परिचयपत्र दिने व्यवस्था गरिनु पर्दछ ।

८. विद्यमान आर्थिक समस्यासँग जुध्न कार्यकर्ता उत्पादन सँग जोडिने व्यवस्था गरिनुपर्छ ।

९. आर्थिक र नैतिक चरित्रका विषयमा प्रश्न उठ्ने तथा महिला हिंसामा संलग्न जो सुकै नेता कार्यकर्ता भएपनि निर्वाचनमा टिकट, पार्टीको कुनै पनि पद तथा सार्वजनिक क्षेत्रको नियुक्तिमा जान नपाउने अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

१०.विधानमा विश्वका मजदुरहरू एक हौं भन्ने भावना समावेश गर्नुपर्छ।

११.प्राविधिक र व्यवसायिक मानवस्रोतलाई पार्टीमा स्थान दिदै आलोचना आत्मआलोचनाको व्यवस्था गरिनु पर्दछ ।

१२.विदेशमा पार्टीको अन्तराष्ट्रिय प्रवासी मन्च रहेको सन्देश प्रवाह हुने गरी प्रवासमा रहेका अन्तराष्ट्रिय कमिटीलाई प्रदेशको मान्यता दिने, महादेश कमिटीलाई जिल्ला कमिटी सरहको मान्यता दिने र सम्पर्क

समन्वय कमिटीको समेत व्यवस्था गरी विदेश वा स्वदेशमा प्रवासमैत्री भएर बोल्ने, लेख्ने तथा प्रवासमा रहेका नेपालीले सम्मान पाउने व्यवस्था विधानमा नै गरिनु पर्दछ।

१३.जातीय विभेदलाई गम्भीर अपराधको रुपमा लिनु पर्छ र  सुन्य सहनशीलता अनुसार कारबाहीको नीति लिनु पर्छ।

१४.सामाजिक संघ संस्था, सामुदायिक संस्थाहरू, प्रतिष्ठानहरूलाइ स्वयंसेवी ढंगले सामाजिक रूपान्तरणका लागि काम गर्ने वातावरण तयार गरिनु पर्दछ। र ती क्षेत्रहरूमा पार्टी कामहरूलाइ व्यापकता दिइनु पर्दछ।

**विधान प्रस्तावमा सुझाव**

१. आयोग अध्यक्षहरू स्थायी कमिटीमा पदेन हुने व्यवस्था हुनुपर्छ। उपाध्यक्ष र सचिवलाई पोलिटब्युरो सदस्य बनाउनु पर्छ।
२. सबै तहका पार्टी कमिटीमा कोशाध्यक्षको व्यवस्था हुनुपर्छ।
३. धारा ६२ अनुसार दलित, जनजाति र श्रमिक तथा कृषकको सहभागिता पनि सुनिश्चित गर्नुपर्छ।
४. सबै कमिटीमा २० प्रतिशत मनोनित सदस्य हुनुपर्छ।
५. सामाजिक संजाल परिचालनका लागि विशेष विभाग खोल्ने व्यवस्था हुनुपर्छ।
६. जनसङ्गठनको अध्यक्षलाई पार्टी कमिटिको उपयुक्त तहमा पदेन सदस्य बनाउनु पर्छ।
७. युवाबाट ४० प्रतिशतको सहभागिता अनिवार्य गर्नुपर्छ।
८. श्रमिकको प्रतिनिधित्वका लागि सबै कमिटीमा १० प्रतिशत आरक्षण हुनु पर्छ।
९. दलित, उत्पीडित, मुसिल्म तथा अल्पसंख्यकलाई स्थानीय समदायमा उपस्थितिका आधारमा एक पदाधिकारीको व्यवस्था सहित प्रतिनिधित्व सुनिशिच्त गनु पर्दछ।
१०. सबै कमिटीहरुमा महिलाको ४० प्रतिशत र पदाधिकारीमा ३३ प्रतिशत प्रतिनिधित्व सुनिस्चित गरिनु पर्दछ।
११. सबै कमिटीमा मजदुरको सहभागिता बृद्दी गर्नु आवश्यक छ।
१२. भूगोल र जनसंख्याको अनुपातमा प्रतिनिधि सभा र प्रदेश सभा केन्द्रित कमिटी बनाउनुपर्छ।
१३. विधानको उद्देश्यमा यो पार्टी नेपाली श्रमजीबी बर्गको राजनैतिक प्रतिनिधिमुलक दल हो। यसले बिस्वका मजदुरजहरु एक हौ भन्ने नारालाई आत्मासाथ गर्दै शारीरिक तथा मानसिक श्रम गर्ने श्रमजीबी बर्गको पेशागत हक हित र अधिकारको रक्षा गर्दै सबै किसिमको सोसण बिरुद्द उभिने पार्टी भनि लेखिनु पर्दछ।
१४. उपत्यकाको भौगोलिक पार्टी र गैर भौगोलिक पार्टी पन्तिलाई एकीकृत परिचलन गर्न प्रस्तुत प्रस्तावित राजधानी बिशेष कमिटि को बैधानिक व्यवस्था लाइ यस समुहको पूर्ण समर्थन रहेको छ यसले मिसन ८४ सहित आगामी निर्बाचनहरु, भूगोल र गैरभुगोल पार्टी कमिटि र कार्यकर्ताहरुलाई एकीकृत परिचालन र काम मा उपयुक्त समन्वय हुने बिस्वास लिएका छौ।
१५. हालको व्यवस्था बामोजिमको केन्द्रीय कमिटिको संख्या घटाउनु पर्छ।

**हार्दिक अभिवादन सहित।**